फेरि पलाएर आउँछ। दुबी हुने व्यक्तिमा नष्ट भएको रंग फेरि पलाएर आउँदैन।

- दुबी हुने भित्री कारण सम्बन्धमा सम्बन्धित विज्ञहरूमाझ विभिन्न धारणाहरू व्याप्त छन् जुन पूर्णरुपले प्रमाणित भइसकेको छैन। ती धारणाहरू मध्ये केही यसप्रकार छन्, जस्तै : बाहिरी कारणहरूमा शरीरको प्रतिरोधात्मक शक्ति कमजोर हुनु, वंशानुगत कारणहरूका साथै नसाहरूबाट निस्कने विषानुगत रसायनद्वारा मुख्यत : भित्री कारणहरू मध्ये पर्दछन्।
- त्यसकारण दुबी कुनै प्रकारको किटाणुद्वारा सक्रमण हुने अथवा सर्ने पनि रोग होइन। कुष्ठ रोगसँग यसको कुनै सम्बन्ध छैन। यो कुनै किसिमको अभिशाप होइन। खाने र लाउने औषधिद्वारा यसको उपचार ८०% सम्भव छ।

## दुबीको प्रकार

१. सामान्य दुबी

२. मिश्रित दुबी

३. सीमित दुबी

क. एक भागमा मात्र हुने

ख. ओठ तथा औलामा हुने

४. सम्पूर्ण भागमा हुने दुबी

## दुबीको उपचार

अनेक प्रकारका दुबीहरूमध्ये ८०% को उपचार खाने तथा लगाउने औषधिहरूद्वारा सम्भव छ। बाँकी २० प्रतिशत दुबी खासगरी सीमित भागमा हुने दुबी, जस्तै (सेगमेन्टल वा लिपटिप टाइप) ओठमा हुने दुबीको उपचार चर्म-शल्यक्रियाद्वारा मात्र सम्भव छ। यस्तो शल्यक्रिया चर्मरोग विशेषज्ञद्वारा नेपालमा नै गरिन्छ। तसर्थ यसको लागि विदेश गइराख्नु पर्दैन। यस्तो विशेष शल्यक्रियाहरूद्वारा औषधिले निको नभएको दुबीमध्ये ९५ प्रतिशतमा सफलता प्राप्त गर्न सकिन्छ। औषधि वा अपरेसनले दुबीको कारण हटाउन सम्भव हुँदैन तर सेतो दुबीमा सामान्य रंग मात्र ल्याउन सकिन्छ।

## दुबीमा परहेज

दुबी हुने व्यक्तिले न्युनस्तरको प्लास्टिकको वस्तु प्रयोग गर्नु हुँदैन किनभने प्लास्टिकमा हुने रसायन- (हाइड्रो क्विनोभ) ले रंगका कोशिकालाई स्थायी रुपले नष्ट गर्नसक्छ। अरु जोगाउने कुरामा चोटपटक अर्थात् घाउपछि बस्ने पाप्राबाट भएको छालाको रंग फेरि नर्फकने पनि हुनसक्छ। दुबी हुने व्यक्तिल खानामा केही बार्नु पर्दैन।

❖

# Vitiligo (Leukoderma) Hypopigmentation care

## Vitiligo

- Vitiligo is not a contagious disease
- Although the exact cause is unknown mostly it is an immune mediated response where the pigment forming cells “melanocytes” are destroyed fast, melanocytes produce less pigment or the rate of destruction is faster than the rate of production
- It can also be hereditary
- In 80% of the cases it can be treated with oral and topical medication
- However we have to wait for 6-12 months before we can say “no response”
- Other treatment modalities are like,
- non surgical-medication, phototherapy,
- surgical- punch grafting, epidermal grafting, tattooing



Before After Before After

DISHARC
P.O. Box No, 8975, EPC, 4193, Maharajgunj, Kathmandu, Nepal
Phone, +977-1-4721500, 4721900, 9813616169
Email, info@disharc.comƒ disharc@hotmail.com
www.disharc.org

© doctorakarki M.D.

## Avoidance

Trauma, plastics (low quality plastic items such as polythene bags, slippers contain chemicals (hydroquinone) which can destroy the melanocytes hence are to be avoided. Melanocytes are the cell responsible for the skin colour.

## Treatment

- Treatment modalities are different for different forms of hypopigmentation.
- In 80% cases vitiligo can be treated with topical and oral medication.
- Treatment failure is when these medication do not aprove the condition even after continues use of 6 month-1 year.
- For 20% of cases which are treatment failure plan can be done for

  (1) Tattooing

  (2) Epidermal grafting

  (3) Punch grafting
- Choice of treatment depends upon the size, site of lesion age of patient etc.
- Hence, before any kind of treatment proper councelling and follow up with a liscenced dermatologist is very important.
- Treatment cause the lesions which are already present, it cannot prevent future recurrences.

# सेतो दुबी

- आदिकालदेखि नै सेतो दुबी (लिउकोडर्मा भिटिलिगो) फूल, चरक वा पाण्डुरोग इत्यादि नामाकरण गरिएको यस्तो सेता दाग मानवजाति बीच चर्चा या समस्याको विषय रहिआएको हो। यो जनावरमा पनि हुन्छ- जस्तै टाटेपाङग्रे गाई। यो सेतो दुबीलाई कथीत धर्मनिरपेक्ष भन्न सकिन्छ जसको प्रमाण मनुस्मृति, कुरान तथा पवित्र बाइबलमा अभिशापको रुपमा प्रत्येक धर्मका व्यक्तिको मनमा बास गर्दैआएको छ।
- सेतो दागको यस्तो समस्या संसारको जनसंख्याको १-३ प्रतिशतमा भएको तथ्यांक छ। दुबीसँग सम्बन्धित समाजिक तथा मानसिक समस्या अमेरिका र युरोपभन्दा बढी एसिया वा अफ्रिकाजस्तो महादेशमा भएको अनुभव गरिएको छ। यो हुनुको कारण छालाको रगंमा भर पर्दछ, किनभने सेतो या गोरो छालामा सेतो दाग त्यति देखिदैन तर कालो वा खैरो छालामा सेतो दाग बढी देखिन्छ।
- दुबी सम्बन्धमा हुने अवधारणाहरू मुख्यत: दुबी सरुवा रोग भएको या एक किसिमको कुष्ठ रोग भएको ठानिन्छ। यस्तो किन नहोस् त ? जबकि मनुस्मृति जस्तो धार्मिक ग्रन्थमा पनि सेतो दुबीलाई स्वेत कुष्ठ रोग लेखिएको छ। अरु अवधारणाहरू बाहेक एउटा अर्को मुख्य अवधारणा अनुसार दुबीको उपचार सम्भव छैन भन्ने साचाई रहेको छ।

## दुबीको परिभाषा

- सामान्य छालाको कुनै भागबाट कारणवश रंग बनाउने कोषिकाहरू स्थायी रुपमा नष्ट भएर जानु तथा प्राकृतिक रुपले वा सामान्य औषधिले रंग पलाएर नआउनुलाई नै सेतो दुबी भनिन्छ, तर यसलाई एक प्रकारको ठूलो सामाजिक तथा मानसिक समस्या ठानिएको छ।

## दुबीको कारण

- छालाको रंग स्थायी रुपले गई फेरि रंग नपलाउनुको कारण बाहिरी वा भित्री हुनसक्छ। बाहिरी कारण चोटपटक, पोलेर वा विशेष रसायन हाइड्रो-क्वीनोनको सम्पर्कले हुनसक्छ। सामान्य या निरोगी व्यक्तिमा पनि चोटपटक वा रसायनहरूले छालाको रंगलाई असर पारिराखेको हुन्छ तर खर्च भएको रंग